सिबिफिन बुलेटिन

वर्ष: ०५ । अंक: ०१ । वैशाख २०८३



अर्थमन्त्री डा. वाग्लेसँग सिबिफिनको भेट, आर्थिक तथा बैकिङ विषयमा छलफल

बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पूँजीबजार उपसमितिको प्रतिवेदनमा सिबिफिनका १७ सुझाव समावेश

योजना आयोग उपाध्यक्ष डा. भट्टसँग सिबिफिन प्रतिनिधिमण्डलको बधाई भेट

विद्यमान बैंकिङ क्षेत्रका समस्या एवं चुनौतीका विषयमा सिबिफिन र आइक्यानबीच छलफल

बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलका अधिकारीसँग छलफल, सुझाव प्रतिवेदन कार्यान्वयन अत्यावश्यक

सिबिफिन कार्यसमितिमा फेरबदल

Published by

Confederation of Banks and Financial Institutions Nepal (CBFIN)

CTC Mall, 9th Floor, Sundhara, Kathmandu-11, Nepal

Phone No.: 01-5354552

Email: cbfinepal@gmail.com | www.cbfinepal.com

Key Financial Status

Loan /Deposit Growth and ROE (BFIs)





	2082 Falgun	2081 Falgun
M Import	1289.25 bn	1145.57 bn
M Export	191.11 bn	158.17 bn
CPI Index	3.62%	3.75%
Remittance	1445.65 bn	1051.77 bn
BoP Surplus	658.35 bn	310.37 bn
FE Reserve	3413.77 bn	2130.31 bn
FEA Indicator	Imports 21.4 months (55.9% to GDP)	Imports 17.2 months (42.2% to GDP)

NPA/NBA-BFIs





सिबिफिन कार्यसमितिमा फेरबदल

बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल (सिबिफिन)को मिति २०८१ पौष १९ गते सम्पन्न भएको पाँचौं वार्षिक साधारण सभाबाट निर्वाचित कार्यसमितिमा व्यापक फेरबदल भएको छ । सिबिफिनको विधानअनुसार कार्यसमितिको पदाधिकारी वा सदस्यहरु निजहरुले प्रतिनिधित्व गर्ने बैंक तथा वित्तीय संस्थाहरुको संचालक समितिबाट बहिर्गमन भएसँगै सिबिफिन कार्यसमितिमा वहाल पद स्वत: समाप्त हुने व्यवस्था रहेको कारण उक्त फेरबदल भएको हो । यसै सन्दर्भमा सिबिफिनको अध्यक्ष उपेन्द्र पौडेल नबिल बैंकको संचालक समितिबाट अलग भइसकेपछि सिबिफिनको अध्यक्ष पद रिक्त भएकोमा सिबिफिन कार्यसमितिको बैठकले हिमालयन बैंकका अध्यक्ष तथा कार्यसमितिका महासचिव प्रचण्ड बहादुर श्रेष्ठलाई सर्वसम्मत अध्यक्ष चयन गरेको छ ।

तत्कालीन महासचिव श्रेष्ठ अध्यक्षमा मनोनीत भएसँगै रिक्त महासचिव पदमा एनएमबि बैंकका अध्यक्ष तथा सिबिफिनका कार्यकारी सदस्य मनोज कुमार गोयल नियुक्त हुनभएको छ । त्यसैगरी सिबिफिनका कोषाध्यक्ष रहनुभएका एनआईसी एसिया बैंकका अध्यक्ष तुल्सीराम अग्रवालले बैंकको अध्यक्षबाट राजीनामा दिएसँगै सिबिफिनको कोषाध्यक्ष पद रिक्त भएकोमा उक्त पदमा लक्ष्मी सनराइज बैंकका अध्यक्ष तथा सिबिफिन तत्कालीन कार्यकारी सदस्य रमण नेपाललाई कोषाध्यक्ष पदमा मनोनीत गरिएको छ ।

सिबिफिनको उपाध्यक्ष रहनुभएका कुश प्रसाद मल्लीले रिलायन्स फाइनान्स कम्पनीको संचालक समितिबाट बाहिरिएसँगै उपाध्यक्ष पदसमेत रिक्त भएको हुँदा गुडविल फाइनान्सका अध्यक्ष तथा सिबिफिनका सहकोषाध्यक्ष दिलिप कुमार मुनंकर्मीलाई मनोनीत गरिएको छ । मुनंकर्मी उपाध्यक्षमा मनोनीत भएसँगै रिक्त हुन आएको सहकोषाध्यक्ष पदमा तत्कालीन कार्यकारी सदस्य तथा प्रोग्रेसिभ फाइनान्स कम्पनीका अध्यक्ष लक्ष्मी प्रसाद महर्जनलाई मनोनीत गरिएको छ ।



तत्कालीन कार्यकारी सदस्यहरु मनोज कुमार गोयल, रमण नेपाल र लक्ष्मी प्रसाद महर्जन क्रमश: महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष पदमा मनोनीत भएसँगै रिक्त हुन आएका कार्यकारी सदस्य पदहरुमा क्रमश: सानिमा बैंकका अध्यक्ष तुक प्रसाद पौडेल, सिद्धार्थ बैंकका अध्यक्ष राहुल अग्रवाल र रिलायन्स फाइनान्स कम्पनीका अध्यक्ष ईश्वरी प्रसाद न्यौपानेलाई मनोनीत गरिएको छ ।

त्यसैगरी सिबिफिन कार्यसमितिको सदस्य रहनुभएका लिला प्रकाश सिटौला र थान प्रसाद पंज्ञानी क्रमश: प्रभु बैंकको अध्यक्षबाट र नेपाल बैंकको अध्यक्षबाट बाहिरिएसँगै रिक्त सदस्य पदमा सम्बन्धित बैंकहरुको अध्यक्षमा नियुक्त हुनुभएका किशोरजंग कार्की र प्रा.डा. डिल्लीराज शर्माज्यूलाई मनोनीत गरिएको थियो ।

सिबिफिनको विधानअनुसार कार्यसमितिको पदाधिकारी पद रिक्त हुन आएमा कार्यसमितिमै बहाल रहेका सम्बन्धित समूहका सदस्यहरु मध्येबाट मनोनीत गर्ने र सो सम्भव नभएमा सदस्य बैंक तथा वित्तीय संस्थाका अध्यक्षहरु मध्येबाट मनोनीत गर्ने व्यवस्थाबमोजिम सिबिफिनको कार्यसमितिको बैठकको निर्णयले रिक्त पदहरु परिपूर्ति गरी १९ सदस्यीय कार्यसमितिलाई पूर्णता दिइएको छ ।

CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com

सिबिफिन कार्यसमिति



प्रचण्ड बहादुर श्रेष्ठ
अध्यक्ष



राजेश उपाध्याय
वरिष्ठ उपाध्यक्ष



दिलिप मुनंकर्मी
उपाध्यक्ष



मनोज कुमार गोयल
महासचिव



रमण नेपाल
कोषाध्यक्ष



थानेश्वर पौडेल
सचिव



लक्ष्मी प्रसाद महर्जन
सह-कोषाध्यक्ष



डा. बाल गोपाल वैद्य
सदस्य



किशोर जंग कार्की
सदस्य



तुक प्रसाद पौडेल
सदस्य



प्रा.डा. डिल्लीराज शर्मा
सदस्य



राहुल अग्रवाल
सदस्य



राधेश पन्त
सदस्य



राजाराम खड्का
सदस्य



सुदिप आचार्य
सदस्य



चिन्तामणि भट्टराई
सदस्य



ईश्वरी प्रसाद न्यौपाने
सदस्य

CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com

सल्लाहकार समिति



भोज बहादुर शाह
सल्लाहकार



केशव बहादुर रायमाझी
सल्लाहकार



उपेन्द्र पौडेल
सल्लाहकार



तुल्सी राम अग्रवाल
सल्लाहकार



भरत राज ढकाल
सल्लाहकार



सिबिफिन कार्यसमिति सदस्यमा मनोनीत प्रा.डा. डिल्लीराज शर्मा र राहुल अग्रवाललाई स्वागत गरिँदै



निवर्तमान अध्यक्ष उपेन्द्र पौड्याललाई बिदाई गरिँदै

CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com



अर्थमन्त्री डा. वाग्लेसँग सिबिफिन प्रतिनिधिमण्डलको बधाई भेट, कानुनी सुधारको प्रतिवद्धता

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)का अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलले नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष यही चैत २६ गते बुधबार सिंहदरबारमा भेटघाट गरी हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ । बधाई भेटमा सिबिफिन प्रतिनिधि मण्डलले अर्थमन्त्री डा. वाग्लेसँग वर्तमान आर्थिक अवस्था, सरकारी अर्थनीति र समग्र बैंकिङ क्षेत्रको विषयमा सघन छलफलसमेत गरेको छ ।

सिविफिन अध्यक्ष श्रेष्ठले राष्ट्रिय अर्थतन्त्रको समग्र विकासमा वित्तीय क्षेत्र मेरुदण्डको रुपमा रहेको भन्दै देश विकासमा हातेमालो गर्न बैंक तथा वित्तीय संस्थाहरु तयार रहेको जानकारी गारउनुभयो । आगामी बजेटमार्फत बैंक तथा वित्तीय क्षेत्रलाई साथमा लिएर तीव्र आर्थिक वृद्धि सम्भव रहेको उहाँले धारणा राख्नुभयो ।

सिबिफिनका वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायले सिबिफिनको बारेमा संक्षिप्त जानकारी दिँदै संस्थाले गरिरहेको अध्ययन, अनुसन्धानको विषयमा प्रकाश पार्नुभयो । बाफियासहितका कानुनमा बृहत सुधारको आवश्यकता औँल्याउँदै उहाँले संस्थापक र साधारण सेयर, एनबिए, जग्गा हदबन्दी, करमा भएको विभेदलगायतका विषयमा ध्यानाकर्षण गराउनुभयो । डिजिटल बैंकिङमा अहिले नै बैंक तथा वित्तीय संस्थाहरुको करिब ७ खर्ब लगानी भइसकेकाले नयाँ डिजिटल बैंक ल्याउनुभन्दा यसैलाई थप व्यवस्थित गर्नुपर्ने धारणा राख्नुभयो ।



सिबिफिनका महासचिव मनोज कुमार गोयलले सरकारले हेजिङ नीतिमार्फत विदेशी प्रत्येक्ष लगानी ल्याउन प्रोत्साहनसहित बाटो खोल्नुपर्ने धारणा राख्नुभयो । कार्यसमिति सदस्य राधेश पन्तले सम्पत्ति व्यवस्थापन कम्पनी अत्यावश्यक रहेकाले यसबारे शिघ्र निर्णयको अपेक्षा व्यक्त गर्नुभयो । उहाँले उत्पादन र नवप्रवर्तनमा केन्द्रित रहेर सिबिफिनले निकट भविष्यमा गर्न लागेको बैंकिङ समिटबारे जानकारी गराउँदै उक्त समिटमा सरकारी सहभागिता र सहयोगका लागि अनुरोध गर्नुभयो ।

सिबिफिनका सरोकार सुनेपछि अर्थमन्त्री डा. वाग्लेले सिबिफिनले उठाएका विषयको सम्बोधनसहित आगामी बजेटमार्फत विशेष घोषणाहरु गरिने जानकारी दिनुभयो । आर्थिक सुशासनमा केन्द्रित भएर सबै क्षेत्रमा सुधारका योजनाहरु बजेटमा राखिने र संरचनागत बेमेलहरुलाई सुधार गरिने उहाँले बताउनुभयो । बैंक तथा वित्तीय क्षेत्रलई आन्तरिक सुशासनमा केन्द्रित हुन आग्रह गर्दै उहाँले सम्पत्ति व्यवस्थापन कम्पनीसहितका नीतिगत व्यवस्थाका लागि आवश्यक ऐन, कानुन बनाउन सिबिफिनको सहयोगको अपेक्षासमेत राख्नुभयो ।

अर्थ मन्त्रालयमा सम्पन्न छलफल भेटमा सिबिफिनका उपाध्यक्ष दिलिप मुनंकर्मी, कोषाध्यक्ष रमण नेपाल, सहकोषाध्यक्ष लक्ष्मी प्रसाद महर्जन, कार्यसमिति सदस्यहरु राधेश पन्त, चिन्तामणि भट्टराई र महानिर्देशक रोशन कोइरालालगायतको सहभागिता रहेको थियो ।

CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com



योजना आयोग उपाध्यक्ष डा. भट्टसँग सिबिफिन प्रतिनिधिमण्डलको बधाई भेट

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)का अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलले राष्ट्रिय योजना आयोगका नवनियुक्त माननीय उपाध्यक्ष डा. गुणाकर भट्टसमक्ष यही वैशाख ४ गते शुक्रबार सिंहदरबारमा भेटघाट गरी हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ। बधाई भेटमा सिबिफिन प्रतिनिधि मण्डलले उपाध्यक्ष डा. भट्टसँग समसामयिक आर्थिक परिवेश र समग्र बैंकिङ क्षेत्रको विषयमा सघन छलफलसमेत गरेको छ।

भेटमा सिबिफिन अध्यक्ष श्रेष्ठले सिबिफिनले गर्दै आएका कामहरुबारे जानकारी गराउँदै राष्ट्रिय अर्थतन्त्रको विकासमा सबैको हातेमालो जरुरी रहेको बताउनुभयो। बैंक तथा वित्तीय संस्थामा जम्मा भएको रकमलाई राष्ट्र विकासमा लगाउन र समग्र विकासमा बैंकिङ क्षेत्रमा रहेको पूँजी प्रयोग गर्न सकिने मत उहाँको थियो।

सिबिफिनका वरिष्ठ उपाध्यक्ष तथा प्रवक्ता राजेश उपाध्यायले तरलता व्यवस्थापनमा नयाँ विकल्पहरु खोज्नुपर्ने तथा बैंकहरुले कमाउने बाटोहरु सीमित भएकाले विकल्पहरु खुला राख्नुपर्ने धारणा राख्दै अध्ययन, अनुसन्धान तथा नीतिगत रुपमा सिबिफिन र आयोगको सहकार्यमा जोड दिनुभयो।

सिबिफिन कोषाध्यक्ष रमण नेपालले सरकारी कोष तथा बैंक तथा वित्तीय क्षेत्रको सहकार्यमा सम्पत्ति व्यवस्थापन कम्पनी छिटो ल्याउनुपर्नेमा जोड दिँदै राष्ट्र बैंकको नीतिमा एकरुपता हुनुपर्ने धारणा राख्नुभयो। यस्तै, सहकोषाध्यक्ष दिलिप मुनंकर्मीले राष्ट्र बैंक र सरकारको नीतिका कारण बैंकहरुको ऋण दिने क्षमतामा कर्मी आएको भन्दै प्राथमिक पुँजी कोषको दबाब घटाएर एनपिएमा अन्तर्राष्ट्रिय मापदण्डको प्रोभिजनमा जानुपर्ने बताउनुभयो।

सिबिफिनका महानिर्देशक रोशन कोइरालाले बैंक तथा वित्तीय संस्थाको सेयर प्रतिफल न्यून रहेको, संस्थापक र साधारण सेयरबीच समूहगत विभेद रहेको जानकारी गारउँदै बाफियामा प्रस्तावित बैंकर र व्यवसायी छुट्याउनका लागि विकल्पहरु दिनुपर्ने मत राख्नुभयो।



सिबिफिनका सरोकार सुनेपछि नवनियुक्त उपाध्यक्ष डा. भट्टले सिबिफिनले उठाएका विषयको सम्बोधनसहित अर्थतन्त्रको डेडलक खुलाउन आफू गम्भीर भएर लागेको बताउनुभयो। सरकारी नीतिमा बजेटमार्फत र मौद्रिक नीतिमार्फत आवश्यक सम्बोधन हुने बताउँदै उहाँले सम्पत्ति व्यवस्थापन कम्पनी समयसीमासहित आउनुपर्ने धारणा राख्नुभयो। लगानीकर्तालाई प्रोत्साहन गर्दै सरकारले बैंकिङमा थुप्रिएको पैसा ऋण लिएर विकासमा खर्च गर्ने उहाँले विश्वास दिलाउनुभयो।

CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com

बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलका अधिकारीसँग छलफल, सुझाव प्रतिवेदन कार्यान्वयन अत्यावश्यक

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)को कार्यसमिति र बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलका संयोजक डा. रेवत बहादुर कार्की तथा सदस्य भुवन दाहालका बीच गत फागुन २८ गते सघन छलफल भयो । सिबिफिन कार्यसमितिको बैठकको अवसरमा आयोजित छलफलमा सुझाव प्रतिवेदनमा समाविष्ट महत्वपूर्ण नीतिगत, व्यावहारिक एवं संरचनागत सुधारका विषयहरु र सोको व्यावहारिक कार्यान्वयनका विषयमा छलफल गरिएको थियो ।



छलफलको प्रारम्भमा कार्यदलका संयोजक डा. कार्कीले मुलुकको समग्र बैंकिङ अवस्था, नीतिगत व्यवस्था, समस्या एवं चुनौती, सरोकारवालाहरुको सरोकार एवं अपेक्षा र सुधारका सम्भावित उपायहरुबारेमा मिहीन ढंगले अध्ययन, विश्लेषण एवं चिरफार गर्दै प्रतिवेदनमा मुख्य रुपमा बैंकिङ नीति, नियमन, कर्जा प्रवाह, ग्रामीण अर्थतन्त्र, मर्जर, ग्रे-लिष्ट र पुँजी बजारसम्म फैलिएका सुधारका एजेन्डाहरुलाई महत्वका साथ अघि सारिएको बताउनुभयो । कार्यदलले अर्थतन्त्र पूर्ण चलायमान हुन नसकेको, बैंकिङ क्षेत्रमा लगानी प्रवाह कमजोर रहेको र तरलता निष्क्रिय अवस्थामा थुप्रिँदै गएको पृष्ठभूमिमा संरचनात्मक सुधारलाई जोड दिँदै बैंकिङ नीति नियमनलाई उदार तर विवेकशील (प्रुडेन्सियल) बनाउने, जोखिममा आधारित सुपरीवेक्षणलाई प्रभावकारी बनाउने, निर्देशित कर्जा नीति पुनरावलोकन गर्ने, बैंकिङ सेवाको लागत र ब्याजदरबीचको सामन्जस्यता मिलाउने, मर्जर तथा एक्विजिसनलाई अत्यन्त सतर्कताका साथ अघि बढाउने विषयलाई प्राथमिकताका साथ उठाइएको र प्रतिवेदनको सार्थक कार्यान्वयन भएमा बैंकिङ क्षेत्रको सुधार केवल वित्तीय स्थायित्वका लागि मात्र नभई समग्र अर्थतन्त्रलाई पुनः गति दिन निर्णायक हुने आशय व्यक्त गर्नुभयो ।

त्यसैगरी कार्यदलका सदस्य भुवन दाहालले प्रतिवेदनमा सुक्ष्म नियमनभन्दा सुपरिवेक्षण, नीति निर्देशनमा एकरुपता, उदारता एवं स्थिरता, सजाय एवं पुरस्कार, समस्या एवं गुनासोको तत्काल निरुपण, आन्तरिक व्यवस्थापनका विषयमा उच्चतहबाट हुने स्वार्थपूर्ण हस्तक्षेप, नीति निर्माणमा सरोकारवालाको सहभागितालगातयका विषयहरुलाई महत्वका साथ उठाएको जानकारी गराउँदै, सुझावले बैंकिङ क्षेत्रलाई अझ सुरक्षित, पारदर्शी, समावेशी र भरोसायोग्य बनाउन, बैंकिङ प्रणालीप्रतिको जनविश्वास अभिवृद्धि गर्न र पारदर्शिता एवं जवाफदेहिता मजबुत बनाउन सहयोग पुग्ने विश्वास लिएको जानकारी गराउनुभयो ।

छलफलका क्रममा कार्यदलले मुलुकको समग्र बैंकिङ क्षेत्रको सुधार, दिगो विकास र अर्थतन्त्रको सबलीकरणका लागि अथक मिहिनेतका साथ तयार पारेको सुझाव प्रतिवेदनले स्पष्ट रुपमा औँल्याएका दूरगामी महत्वका सुझावहरुको व्यावहारिक कार्यान्वयन गर्न गराउन के-कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा कार्यदलका संयोजक तथा सदस्य र सिबिफिन पदाधिकारीबीचमा अन्तरक्रिया गरियो ।



CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com



प्रतिवेदनमा समावेश गरिएको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा भएको व्यवस्थानुसार संस्थापक सेयरलाई साधारणमा परिणत गर्ने व्यवस्था गरेको विषयमा कानुनी परामर्श लिई बैंकिङ र सेयरबजारको अवस्थालाई दृष्टिगत गरी १० वर्षभित्रमा ऐच्छिक रूपमा गर्न सकिने व्यवस्था गर्नुपर्ने, Bank for International Settlement को सिद्धान्तअनुसार बैंक वित्तीय संस्थाको समष्टिगत सुरक्षणको लागि केन्द्रीय बैंकले सेयर कर्जा सम्बन्धमा गर्नुपर्ने जोखिम इत्यादिमा नियमन गर्नेबाहेकका कुराहरू सम्बन्धित बैंक वित्तीय संस्थाहरूलाई स्वनियम बनाई गर्न अधिकार दिनुपर्ने, बैंक तथा वित्तीय संस्थाहरूलाई सेयर धितो कर्जामा प्राथमिक पुँजीको ४० प्रतिशतको क्याप लगाइरहेको हुँदा अन्य नियमन (व्यक्तिगत कर्जाको क्याप, गणना विधि आदि) जरुरी नभएकाले सोसम्बन्धी निर्णय बैंक तथा वित्तीय संस्थाले नै गर्ने अधिकार दिनुपर्ने, संस्थापक सेयर बिक्री प्रक्रिया हाल लामो भएकाले यसलाई छिटोछरितो बनाउनु पर्ने जस्ता महत्वपूर्ण सुझावहरुको कार्यान्वयन अत्यावश्यक रहेको विषयमा सिबिफिन पदाधिकारीहरुले जोड दिनुभयो ।



अन्तरक्रियाका क्रममा सिबिफिनका पदाधिकारी तथा सदस्यज्यूहरुले राख्नुभएको जिज्ञासा मेट्दै कार्यदलका संयोजक डा. कार्की तथा सदस्य दाहालले कार्यदलको मुख्य काम समग्र बैंक तथा वित्तीय क्षेत्रको अध्ययन गरी सुझाव बुझाउने कार्यभार रहेकोमा उक्त कार्यभार पूरा गरिएको भए पनि सुझाव प्रतिवेदनको कार्यान्वयनमा चासो र चिन्ता रहेको जानकारी गराउँदै सिबिफिनले प्रतिवेदनको कार्यान्वयनमा लिने पहलकदमीमा आफूहरुको रायसुझाव निरन्तर रहने सन्देश व्यक्त गर्नुभयो ।

सिबिफिनको कार्यालय, सुन्धारामा सम्पन्न उक्त छलफलको अन्त्यमा सिबिफिनका अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठले सिबिफिनको अनुरोधलाई सहर्ष स्वीकार गरी महत्वपूर्ण जानकारी तथा रायसुझाव प्रदान गर्नुभएकोमा कार्यदलका संयोजक तथा सदस्यप्रति विशेष धन्यवाद व्यक्त गर्नुभयो ।



CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com

निर्देशित कर्जाको पुनरवलोकनले कर्जा प्रवाहमा सन्तुलन र आर्थिक गतिविधिमा तीव्रता दिने

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको लागि जारी गरेको एकीकृत निर्देशनमा संशोधन गर्दै बैंक तथा वित्तीय संस्थाले निर्देशित क्षेत्रमा कर्जा लगानी गर्नुपर्ने बाध्यकारी प्रतिशतलाई घटाइ केही सहज बनाएको छ । यसअघिको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको ४० प्रतिशत निर्देशित क्षेत्रमा प्रवाह गर्दै आएकोमा अब कुल कर्जाको ३० प्रतिशत मात्रै कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । केन्द्रीय बैंकको निर्देशनअनुसार यसअघि कृषिमा १५ प्रतिशत, ऊर्जामा १० प्रतिशत र लघु, घरेलु साना तथा मझौला व्यवसाय (एमएसएमई) क्षेत्रमा १५ प्रतिशत गरी कुल कर्जाको ४० प्रतिशत कर्जा राष्ट्र बैंकले तोकेको क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको थियो ।

हालै संशोधित व्यवस्थाअनुसार २०८३ पुस मसान्तदेखि न्यूनतम १० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्नेछ । यस्तै, ऊर्जामा १० प्रतिशत र एमएसएमईमा १५ प्रतिशतको व्यवस्था पनि संशोधन गरी ऊर्जा, पर्यटन, एमएसएमई, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा गरेर कुल २० प्रतिशत मात्रै कर्जा प्रवाह गर्नुपर्नेछ ।



विकास बैंकलाई निर्देशित कर्जाको सीमा २० प्रतिशत र फाइनान्स कम्पनीलाई १५ प्रतिशत पुऱ्याउनुपर्ने व्यवस्था गरिएको छ । विकास बैंकहरुले कृषिसहित पर्यटन, ऊर्जा, सूचना प्रविधि, ३ करोडसम्मको एमएसएमई र उत्पादनमूलक उद्योगमा ५ करोडसम्मको एमएसएमई कर्जाका साथै स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योगलाई प्रवाह भएको कर्जालाई पनि निर्देशित कर्जामा समावेश गर्ने भएको छ । यी ५ क्षेत्रमा विकास बैंकले २० प्रतिशत र फाइनान्स कम्पनीले १५ प्रतिशत मात्रै कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ ।

तोकिएका क्षेत्रमा प्रवाह भएको कर्जासम्बन्धी व्यवस्थाको न्यूनतम सीमाको अनुपालन यकिन गर्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाले बक्यौता कर्जालाई प्रवाहित कर्जाको रुपमा गणना गर्नुपर्ने व्यवस्था गरेको छ । तोकिएको क्षेत्रमा कर्जा लगानी अनुपात पूरा गर्नका लागि कम कर्जा प्रवाह गर्ने बैंक, वित्तीय संस्था र बढी कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरुले आपसी सहमतिमा शूल्क दिई/लिई केन्द्रीय बैंकको निर्देशनबमोजिम तोकिएको क्षेत्रको कर्जाको रिपोर्टिङ प्रयोजनको लागि मात्र कुनै पनि शीर्षकमा कर्जा खरिद तथा बिक्री गर्न सकिने व्यवस्थासमेत गरिएको छ ।

निर्देशित कर्जाको बाध्यकारी नियमका कारण बैंक तथा वित्तीय संस्थाहरुले निर्देशनबमोजिम तोकिएका क्षेत्रमा जबरजस्ती कर्जा प्रवाह गर्दा कर्जाको दुरुपयोग बढिरहेको, कर्जाको गुणस्तरमा ह्रास आइरहेको, डिफल्ट दर बढ्दै जाँदा जोखिम दर उच्च हुँदै गएको, उत्पादकत्वमा समेत ह्रास आएको, उच्च सम्भावना देखिएका क्षेत्रमा अपेक्षित कर्जा प्रवाह हुन नसकेको सन्दर्भमा निर्देशित कर्जाको सीमा घटाइनु र दायरा विस्तार गरिनुले कर्जाको उपयोगिता, गुणस्तर, उत्पादकत्वमा वृद्धि, जोखिम न्यूनीकरणसहित उच्च सम्भावना देखिएका उत्पादनमूलक, रोजगारमूलक तथा निर्यातमूलक क्षेत्रमा कर्जा विस्तार भई कर्जा प्रवाहमा सन्तुलन कायम हुने, कर्जा विस्तारको लक्ष्य भेट्नसमेत ठूलो टेवा पुग्ने, पूँजीको उपयोग एवं परिचालनमा वृद्धि भई अर्थतन्त्रमा दीर्घकालीन वित्तीय स्थायित्व कायम गर्न मद्दत पुग्ने र बैंक तथा वित्तीय संस्थाहरुको जोखिम-समायोजित प्रतिफलमा सकारात्मक प्रभाव पर्नेछ ।

निर्देशित कर्जाबाट समग्र अर्थतन्त्रमा परेका प्रभाव तथा बैंक तथा वित्तीय संस्थाहरुमा उत्पन्न भइरहेका जोखिम एवं चुनौतीहरुलाई मध्यनजर गर्दै समयानुकूल परिमार्जन/पुनरवलोकनका लागि सिबिफिनले सम्बन्धित निकाय र सरोकारावालासँग निरन्तर छलफल तथा अन्तरक्रिया गर्दै आएको थियो भने निर्देशित कर्जाको योगदान, उपयोगिता र औचित्यका विषयमा वृहत् अध्ययनको कार्यलाई समेत जारी राखेको छ ।

आगामी बजेट र राजश्व नीतिबारे सिबिफिनले बुझायो सुझाव

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि जारी हुने बजेट तथा राजस्व नीति तर्जूमको विषयमा सुझाव पेश गर्ने उद्देश्यले अर्थमन्त्रीस्तरीय निर्णयबाट अर्थ मन्त्रालयअन्तर्गत गठित उपसमितिमार्फत आगामी बजेटले सम्बोधन गर्नुपर्ने महत्वपूर्ण सुझावहरु सिबिफिनले गत चैत्र १२ गतेका दिन सम्बन्धित उपसमितिहरुमार्फत पेश गरेको छ ।

बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पूँजीबजार उपसमितिअन्तर्गत संस्थापक सेयर रुपान्तरण, कर्जा नोक्सानी व्यवस्था, जग्गा हदबन्दी, विकास बैंक तथा वित्तीय संस्थाको नामकरण, सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना, गैरबैंकिङ सम्पत्ति भाडामा वा लिजमा लगाउन पाउने व्यवस्था, विदेशी विनिमय, सामूहिक लगानी कोष तथा धितो पत्रको कारोबार, बैंकासुरेन्स, धितो मूल्याङ्कन मापदण्ड, निक्षेप तथा कर्जा सुरक्षण कोष, घर जग्गाको नामसारी, बैंकमा वैदेशिक लगानी, घरजग्गा बाटो सिफारिस, प्राइभेट इक्विटि तथा भेन्चर क्यापिटलको इक्विटिमा लगानी, विप्रेषण प्रोत्साहन, मेगा परियोजनामा बैंक तथा वित्तीय संस्थाको सहभागिता तथा प्राधिकरणको गठन, बिमा कम्पनीको संचालकलगायतका विषयमा २१ बुँदे सुझावहरु पेश गरिएको छ ।

त्यसैगरी आन्तरिक राजश्व उपसमितिअन्तर्गत संस्थागत आय कर, संस्थागत सामाजिक उत्तरदायित्वमा कर छुट, सरकारले लिने/दिने ब्याजदर, जोखिम व्यहार्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैरबैंकिङ सम्पत्तिवापतको पाँच प्रतिशत रकम, धित्तो लिलामी सकार तथा बिक्रीमा लाग्ने दर्ता दस्तुर तथा लाभकर, संशोधित कर निर्धारण, किस्ताबन्दी कर सङ्कलन प्रशासकीय पुनरावलोकन, अग्रिम कर फिर्ता, आयकरको सीमा वृद्धि, आयकरको दर, जेष्ठ नागरिकले प्राप्त गर्ने ब्याजमा कर छुट, डिजिटल बैंकिङ प्रोत्साहन, अग्रिम आयकर तथा कर्मचारी बोनस, आयकर ऐन २०५८ का विभिन्न दफा तथा उपदफा, मूल्य अभिवृद्धि कर ऐन विशेषज्ञ कर अधिकारीलगायतका विषयमा २० बुँदे सुझावहरु समावेश गरी बुझाइएको छ ।

सिबिफिनले आबद्ध बैंक तथा वित्तीय सस्थाहरुबाट प्राप्त सुझावहरुको समेत विश्लेषण एवं संश्लेषण गरी महत्वपूर्ण ठानिएका विषयहरुमा आफ्ना तर्कपूर्ण सुझावहरु सम्बन्धित उपसमितिहरुमार्फत बुझाएको हो ।

बजेट तथा राजश्व नीति तर्जूमाको विषयमा हरेक वर्ष गठन हुने उल्लेखित उपसमितिहरुमा सिबिफिन निरन्तर सदस्यको रुपमा चयन हुँदै आएको छ । बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पूँजीबजार उपसमितिमा सिबिफिनका वरिष्ठ उपाध्यक्ष राजेश उपाध्याय तथा उपाध्यक्ष दिलिप कुमार मुनंकर्मी र आन्तरिक राजश्व उपसमितिमा महानिर्देशक रोशन कोइराला सिबिफिनको प्रतिनिधिको रुपमा सक्रिय सहभागिता जनाउँदै बैंकिङमैत्री नीतिका विषयमा बहसपैरवीसहित संस्थागत धारणाहरु समेत राख्दै आउनुभएको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि जारी हुने बजेट तथा राजस्व नीति तर्जुमाको विषयमा सुझाव पेश गर्ने उद्देश्यले अर्थमन्त्रीस्तरीय निर्णयबाट गठित आन्तरिक राजश्व समिति अन्तर्गतको बैंक, वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजीबजार उपसमितिले तयार गरेको सुझाव प्रतिवेदनमा ***सिबिफिनले पेश गरेका २१ बुँदा सुझावहरुमध्ये १७ वटा सुझावहरुलाई प्राथमिकता****का साथ समेटिएको छ ।*

बैंकिङ क्षेत्र शीर्षकअन्तर्गत समावेश गरिएका सिबिफिनका सुझावहरू :

- हाल कार्यान्वयनमा रहेको कर्जा नोक्सानी व्यवस्था परिमार्जन गरी विशेष क्षेत्र, वर्ग र आकारका आधारमा छुट्टाछुट्टै वर्गीकरण गर्ने व्यवस्था गर्न उपयुक्त हुने । यसबाट बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जाको वास्तविक रुपमा लेखाङ्कन र यथार्थ चित्रण हुनगइ खुद तथा वितरणयोग्य मुनाफामा सुधारमार्फत पुँजी पर्याप्ततामा सुधार हुने ।
- बैंक तथा वित्तीय संस्थाले ऋण असूली प्रकृयामा गैरबैंकिङ्ग सम्पत्तिको रुपमा धितो सकार गर्ने र सकार गरेको सम्पत्ति यथाशीघ्र लिलामी बिक्री गरी बैंकको निष्क्रिय कर्जा फरफारक गर्नुपर्ने व्यवस्था कानुनी रुपमा नै बाध्यात्मक रुपमा लागू रहेको अवस्थामा बैंक तथा वित्तीय संस्थाले कर्जा असुली गर्ने सिलसिलामा धितोबन्धकको रुपमा लिएको सम्पत्ति लिलाम बिक्री नभएको अवस्थामा बैंक तथा वित्तीय संस्था आफैंले गैरबैंकिङ सम्पत्तिको रुपमा धितो सकार गर्दा वा धितो सकार गरेको गैरबैंकिङ्ग सम्पत्ति बिक्री गर्दासमेत भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ ले तोकेको जग्गाको हदबन्दीको सीमा नलाग्ने व्यवस्था कायम गरिनुपर्ने ।
- वित्तीय संस्थाले आफ्नो नाम पछाडि वित्त बैंक भनी नामकरण गर्ने व्यवस्था लागु गर्ने । त्यसैगरी विकास बैंकलाई कार्यक्षेत्रको आधारमा विकास बैंक र लघु विकास बैंक भनेर वर्गीकरण तथा नामकरण गरिनुपर्ने । यसबाट सीमित कार्यक्षेत्रमा सञ्चालनमा रहेका विकास बैंकको छुट्टै रुपमा नियमन तथा व्यवस्थापनमार्फत सबलीकरण हुने साथै यसबाट लघु क्षेत्रका विकास बैंकमा समस्या पर्दा सोको असर राष्ट्रिय स्तरमा नपर्ने ।
- बैंक तथा वित्तीय संस्थाको गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा रहेको कठिनाइ र यसको व्यवस्थापनमा बढी केन्द्रित हुनुपर्ने समस्याको निराकरणको लागि एक अधिकार सम्पन्न सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्नुपर्ने । यसको साथै सम्पत्ति व्यवस्थापन कम्पनीमार्फत गैरबैंकिङ सम्पत्तिको उचित व्यवस्थापन नभएसम्मको लागि त्यस्ता सम्पत्ति सम्बन्धित बैंक तथा वित्तीय संस्थाले भाडामा वा लिजमा लगाउन सक्ने गरी कानुनी व्यवस्था गर्न उपयक्त हुने ।
- घरदैलोमा प्रत्यक्ष बैंकिङ सेवा पुऱ्याइरहेका वित्तीय संस्थाले पूँजी निर्माण र परिचालनमा ठूलो सहयोग पुऱ्याउन सक्ने प्रशस्त सम्भावना रहेको हुँदा उक्त वर्गका वित्तीय संस्थालाई पनि विदेशी विनिमय, सामूहिक लगानी कोष तथा धितोपत्रको कारोबार अनुमति प्रदान गर्न उपयुक्त हुने ।
- सेवाग्राहीको घरदैलोमा प्रत्यक्ष बैंकिङ सेवा पुऱ्याइरहेका (ग) वर्गका वित्तीय संस्था (फाइनान्स कम्पनी) र क्षेत्रीयस्तरका (ख) वर्गका वित्तीय संस्थालाई समेत तिनीहरुको वित्तीय र प्रशासनिक क्षमताका आधारमा विदेशी विनियम, सामूहिक लगानी कोष स्थापना र धितोपत्रको कारोबार गर्न सक्ने व्यवस्था गर्न उपयुक्त हुने । यसबाट यस किसिमको सेवामा ग्रामीण स्तरका सेवाग्राहीको समेत पहुँच स्थापित हुने साथै वित्तीय संस्थाको पूँजी निर्माण र परिचालनमा समेत सहयोग पुग्ने ।
- सबै स्थानीय तहमा शाखा सञ्जाल भएका बैंक तथा वित्तीय संस्थाहरुलाई बिमा अभिकर्ताको रुपमा समेत कार्य गर्न पाउने कानुनी व्यवस्था गरी बिमा सेवामा सर्वसाधारणको पहुँच बढाउन उपयुक्त हुने ।
- धितोको वास्तविक मूल्य निर्धारण गर्नका लागि बजार मूल्य, सरकारी मूल्य, उचित मूल्य (फेयर मार्केट भ्यालू) आदिको परिभाषा र धितो मूल्याङ्कन गर्ने बिस्तृत व्यवस्थासहितको धितो मूल्याङ्कन मापदण्ड जारी गर्न उपयुक्त हुने ।
- वार्षिक रूपमा निक्षेप तथा कर्जा सुरक्षण कोषमा जम्मा गर्नुपर्ने ०.१६ प्रतिशत प्रिमियम दरलाई घटाइ ०.०८ प्रतिशत प्रिमियम दर व्यवस्था कायम गरिनुपर्ने ।
- धितो सम्पत्ति सकार्नु पर्दा स्थानीय निकायबाट घरजग्गा बाटो सिफारिस गराउने कार्यमा असहयोग भइरहेको सन्दर्भमा घरजग्गा बाटो सिफारिसको विषयलाई कानूनी रुपमा प्रत्याभूत गरी सहजीकरण गर्नुपर्ने ।
- घर जग्गाको नामसारी (रजिष्ट्रेशन) र दृष्टिबन्धक (रोक्का) एकै दिन नहुने अव्यावहारिक व्यवस्थालाई परिमार्जन गरी एकै दिन रजिष्ट्रेशन र दृष्टिबन्धक हुने व्यवस्था गर्नुपर्ने ।
- लगानी र वित्तीय पहुँच विस्तारका क्षेत्रमा ख्याति कमाएका अन्तर्राष्ट्रियस्तरका गैरबैंकिङ संस्थाहरु विशेषत: Impact Fund, Climate Fund, Investment Companies, Development, Finance Institution, जस्ता संस्थाले राष्ट्र बैंकको स्वीकृतिमा नेपालका बैंक तथा वित्तीय संस्थामा लगानी गर्न पाउने व्यवस्था गर्नुपर्ने ।
- औपचारिक माध्यमबाट प्राप्त हुने विप्रेषणको प्रोत्साहनको निमित्त प्राप्त रकमका आधारमा रिवार्ड पोइन्टको गणना गर्ने व्यवस्था गरी सरकारबाट उपलब्ध हुने सेवाको शुल्कमा छुट एवं मिनाहा हुने, निश्चित प्रतिशत कर्जा उपलब्ध गराउने, विप्रेषण रकम उत्पादनशील क्षेत्रमा लगानी गरेमा आयकर छुट दिने व्यवस्था गर्दा उपयुक्त हुने ।
- बैंक तथा वित्तीय संस्थाहरुले बिमा कम्पनीमा ठूलो लगानी गरेका र कतिपय बिमा कम्पनीमा आधारभूत सेयरधनीको रुपमा समेत रहेको सन्दर्भमा आफ्नो लगानी रहेको बिमा कम्पनीको प्रभावकारी सञ्चालन एवं लगानीको उचित परिचालनका लागि सार्वजनिक पद धारण गरेको वा नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्था, प्राधिकरण, बोर्ड, बिमक वा बैंक तथा वित्तीय संस्थाको बहालवाला कर्मचारी बिमा कम्पनीको सञ्चालक हुन अयोग्य हुने व्यवस्थालाई हटाउनु पर्ने ।
- बैंकिङ क्षेत्रको प्रोत्साहनको निमित्त सरकारले बैंकिङ क्षेत्रमा लिएको विद्यमान कर नीतिमा देहायअनुरुप परिमार्जन गर्नुपर्ने ।
  - बैंक तथा वित्तीय संस्थालाई समेत अन्य कम्पनी सरह २५ प्रतिशत आयकर लाग्ने व्यवस्था गरिनु पर्ने ।
  - बैंक तथा वित्तीय संस्थाहरुले खराब कर्जाको धितो गैरबैंकिङ सम्पत्तिका रुपमा सकार गर्दा नभइ लिलामबाट धितो सम्पत्ति बिक्री भएपश्चात मात्र Capital Gain Tax लाग्ने व्यवस्था गरिनु पर्ने ।

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले आर्थिक गतिविधिमा तीव्रता र वित्तीय स्थिरतामा जोड दिने : सिबिफिन



नेपाल राष्ट्र बैंकद्वारा सार्वजनिक गरिएको आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको दोस्रो त्रैमासिक अर्थात अर्धवार्षिक समीक्षामार्फत अवलम्बन गरिएका सावधानीपूर्ण, मापनयोग्य तथा स्थिरतामुखी दृष्टिकोण र नीतिगत कदमहरु स्वागतयोग्य भएको सिबिफिनले विज्ञप्तिमार्फत जनाएको छ । विश्वका अधिकांश उदीयमान अर्थतन्त्रहरूमा देखिएको क्रमिक सुधारको रणनीतिसँग मेल खाने गरी मूल नीतिगत मापदण्डहरूलाई यथावत् राख्दै पछिल्लो परिवेश अनुसारका लक्षित संरचनात्मक सुधारका कदमहरू अघि बढाइनुले वित्तीय स्थिरतालाई थप सुदृढ र सबल बनाउने संकेत गरेको सिबिफिनले विश्वास लिएको छ ।

समीक्षामा क्षेत्रगत कर्जाको दायरा विस्तारसहित लघु, घरेलु तथा साना उद्यम कर्जा विस्तारलाई प्रोत्साहन, कार्यशील पूँजी व्यवस्थाको नगद प्रवाहमा आधारित मूल्याङ्कन, लक्षित पुनर्संरचना सुविधा तथा विदेशी विनिमय जोखिममा सीमा वृद्धि, कालोसूची व्यवस्थामा लचकता जस्ता उदार व्यवस्थाहरुले संकुचित बनिरहेको कर्जा तथा लगानी विस्तारलाई सहजता प्रदान गर्दै उत्पादनमूलक, निर्यातमूलक एवं रोजगारमूलक क्षेत्रमा लगानी विस्तार गर्न, आर्थिक क्रियाकलापलाई बढवा दिन, वित्तीय बजार विकास गर्न तथा बैंकिङ क्षेत्रको क्रमिक आधुनिकीकरण गर्नका लागि सहयोगी सिद्ध हुने अपेक्षा गरिएको छ । साथै, डिजिटल पूर्वाधारमा लगानी प्रोत्साहन र विद्युतीय भुक्तानी प्रणालीको तिव्र विस्तारका लागि अवलम्बन गरिएका रणनीतिक पहलहरुले नेपालको वित्तीय प्रणालीलाई विश्वव्यापी आधुनिकीकरणसँग तादाम्यता मिलाउन समेत महत्वपूर्ण सहयोग पुग्ने सिबिफिनले ठहर गरेको छ ।

अल्पकालीन तरलता व्यवस्थापन र दीर्घकालीन संरचनात्मक सुधारबीच सन्तुलन कायम गर्दै अवलम्बन गरिएका सुधारात्मक पहलकदमीहरुलाई आत्मसाथ गर्दै संस्थागत सुशासन तथा विश्लेषणात्मक क्षमताको अभिवृद्धि र जोखिम व्यवस्थापन एवं न्यूनिकरणको कार्यलाई संयमताकासाथ अगाडी बढाउन सकेमा यसले वित्तीय स्थिरतासहित समग्र आर्थिक एवं बैंकिङ क्षेत्रको आधुनिकीकरण, दिगो विकास र अर्थतन्त्रको सवलीकरणमा रचनात्मक योगदान पुग्ने सिबिफिनले विश्वास लिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको निष्क्रिय/खराब कर्जा तथा गैरबैंकिङ सम्पत्तिमा भएको वृद्धि, तरलता व्यवस्थापनलगायतका विषयमा देखिँदै आएको चुनौतीलाई न्यूनीकरण गर्नका लागि सरोकारवाला पक्षहरुसँगको छलफल एवं रायसुझावका आधारमा नेपाल राष्ट्र बैंकले निर्णायक नीतिगत कदम चाल्नेमा सिबिफिन विश्वस्त रहेको छ ।





विद्यमान बैंकिङ क्षेत्रका समस्या एवं चुनौतीका विषयमा सिबिफिन र आइक्यानबीच छलफल

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) बीच विद्यमान बैंकिङ क्षेत्रका समस्या एवं चुनौती र सहकार्यका विषयमा गत चैत्र १२ गतेका दिन सघन छलफल भएको छ ।

सिबिफिनको पदाधिकारी समितिको बैठकको अवसरमा सम्पन्न उक्त छलफलमा आइक्यानका कार्यकारी निर्देशक विमल डंगोल र निर्देशक किरण कुमार खत्रीको सहभागिता रहेको थियो । सिबिफिनका अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठले छलफल बैठकको प्रारम्भमा आइक्यानका अधिकारीहरुलाई स्वागत तथा अभिवादन गर्दै नेपालको बैंक तथा वित्तीय क्षेत्रमा आईआरएफएस/एनएफआरएस लागू भएपछि देखिएका समस्या एवं चुनौती र समाधानका सम्भावित उपायहरुको विषयमा जानकारीसहित आवश्यक पृष्ठपोषण र सहकार्यका लागि छलफल बैठक राखिएको बताउनुभयो ।

आइक्यानका कार्यकारी निर्देशक तथा निर्देशकले आइक्यानको स्थापना, कार्य र क्षेत्राधिकारबारे संक्षिप्त चर्चा गर्दै नेपालमा बैंक तथा वित्तीय संस्थामा आईआरएफएस/एनएफआरएस (NFRS/IFRS) लागू भएपछि लेखा-वित्तीय प्रस्तुति, नियमन र प्रतिवेदन प्रणालीमा महत्वपूर्ण परिवर्तन आएको र यो परिवर्तनले पारदर्शिता र तुलनात्मकता बढाउने लक्ष्य राखे पनि संक्रमणकालमा केही व्यावहारिक समस्या/चुनौतीहरु देखिएको बताउनुभयो । आईआरएफएस/एनएफआरएस लागू भएपछि बैंक तथा वित्तीय संस्थाहरुले विशेषत: ECL, LLP/NPL मा केही असहजताहरु देखिएको र दक्ष जनशक्ति, पर्याप्त तथ्याङ्कको अभाव देखिँदा पनि समस्या देखिएको उहाँहरुको भनाइ रहेको थियो ।



छलफलका क्रममा सिबिफिनका पदाधिकारीहरुले राज्यलाई कर र कर्मचारीलाई बोनस वितरण गर्दा एक्यूरल बेसिसमा र लगानीकर्ताको हकमा क्यास बेसिसमा लाभांश वितरण गर्ने, सबैभन्दा पारदर्शी एवं जिम्मेवार बैंकिङ क्षेत्रलाई रक्सी, चुरोट, सूर्तीको वर्गमा वर्गीकृत गरी कर लगाउने, बैंकिङ र बिमा क्षेत्रमा मात्र दोहोरो सेयर र मूल्य कायम गर्ने, छिमेकी देशहरुको तुलनामा कर्जा जोखिमको व्यवस्था भिन्ने लागू गरिनुपर्नेलगायतका नियमहरुको सान्दर्भिकता र औचित्यताका विषयमा जिज्ञासा राख्नुभयो । सो विषयहरुको जिज्ञासा मेट्दै आइक्यानका अधिकारीद्वयले उल्लेखित विषयहरुमा आइक्यानको तर्फबाट नेपाल सरकारलाई सुझाव दिन आवश्यक तयारी अगाडि बढाउने जानकारी गराउनुभयो ।

लेखा प्रणालीका न्यूनतम मापदण्ड र ब्यालेन्स सिटमा हस्ताक्षर गर्नुपूर्व विशेष ध्यान दिनुपर्ने र ज्ञान लिनुपर्ने विषयमा अभिमुखीकरण तालिमलगायत पारस्परिक हितका विषयमा सहयोग आदानप्रदानसहित आवश्यक सहकार्य गर्ने भद्र सहमतिसमेत भएको छ ।

आइक्यानसँगको औपचारिक छलफल अगावै उल्लेखित विषयमा आइक्यानका वरिष्ठ उपाध्यक्ष आनन्दराज शर्मा वाग्लेसँग सिबिफिनका उपाध्यक्ष दिलिप कुमार मुनंकर्मी तथा महानिर्देशक रोशन कोइरालाको बीचमा प्रारम्भिक छलफलसमेत भएको थियो ।

सिबिफिन कार्यालय सुन्धारामा सम्पन्न उक्त छलफलमा सिबिफिनको तर्फबाट वरिष्ठ उपाध्यक्ष राजेश उपाध्याय, उपाध्यक्ष दिलिप कुमार मुनंकर्मी, महासचिव मनोजकुमार गोयल, सहकोषाध्यक्ष लक्ष्मी प्रसाद महर्जन र महानिर्देशक रोशन कोइरालाको समेत सहभागिता रहेको थियो ।



CBFIN Submits its 'Logical Suggestions' on Proposed Nepal Rastra Bank Act to Ministry of Finance

The Confederation of Banks and Financial Institutions Nepal (CBFIN) submitted its "logical suggestions" on the proposed amendment to the Nepal Rastra Bank Act, 2058 to the Ministry of Finance on Feb 20, 2026, appreciating the Government of Nepal's initiative to pursue comprehensive legislative reform aimed at strengthening Nepal Rastra Bank's autonomy, modernizing the supervisory framework, and aligning the country's financial governance with evolving global standards.

CBFIN emphasized through a letter submitted to MoF that the proposed amendment as a "foundational reform" that would help to reshape the future direction of Nepal's monetary policy framework, financial stability architecture, and the digital financial ecosystem. It further submitted additional strategic policy recommendations to enhance institutional robustness, global compatibility, and long-term resilience of the legislative framework under preparation.

Key Suggestions Submitted by CBFIN :

1. Institutional Independence with Accountability Balance

While the draft amendment introduces important measures toward strengthening autonomy, explicit statutory articulation of operational and instrument independence would further enhance policy credibility. International experience suggests that independence provisions are most effective when complemented by structured accountability mechanisms, including periodic public reporting and independent institutional reviews.

Strategic Value: *Enhances macroeconomic credibility, improves sovereign risk perception, and aligns with international governance benchmarks.*

2. Transition toward a Rules-Based Monetary Policy Architecture

CBFIN recommends consideration of establishing a statutory Monetary Policy Committee (MPC) to institutionalize collective decision-making. A committee-based approach with defined voting protocols and transparent communication practices would strengthen policy predictability and anchor inflation expectations.

Strategic Value: *Reduces concentration risk and aligns Nepal with globally accepted monetary governance practices.*

3. Formalization of Financial Stability Architecture

Given the expansion of macro-prudential responsibilities, the amendment may benefit from embedding a structured financial stability framework within the Act. This may include systemic risk monitoring arrangements, legal backing for stress-testing mechanisms, and clearly defined policy tools to address emerging vulnerabilities.

Strategic Value: *Positions Nepal Rastra Bank as a proactive systemic risk authority rather than a reactive regulator.*

4. Digital Currency and Digital Banking Governance Framework

The recognition of digital currency and digital banking represents a forward-looking reform. To preserve financial intermediation stability, CBFIN suggests incorporating governance safeguards addressing operational risk, cyber security oversight, and potential liquidity migration risks from the banking sector.

Strategic Value: *Enables innovation while safeguarding depositor confidence and systemic stability.*

5. Comprehensive Resolution and Crisis Management Framework

The inclusion of resolution authority is a significant advancement. The framework may be further strengthened by integrating internationally recognized elements such as recovery and resolution planning, bridge institution mechanisms, and transparent creditor hierarchy principles.

Strategic Value: *Facilitates orderly resolution of distressed institutions and minimizes systemic contagion risks.*

6. Clear Delineation between Fiscal and Monetary Functions

To preserve long-term policy integrity, CBFIN recommends clearer statutory boundaries governing central bank financing of government operations. Defined parameters for overdraft facilities and debt purchase arrangements would mitigate fiscal dominance concerns and enhance investor confidence.

Strategic Value: *Reinforces macroeconomic discipline and strengthens monetary policy credibility.*

7. Governance Modernization and Transparency Enhancements

CBFIN welcomes the governance reforms introduced in the draft. Additional measures such as enhanced disclosure standards, periodic external governance assessments, and structured oversight reporting could further elevate institutional transparency while preserving operational autonomy.

Strategic Value: *Aligns governance structure with advanced central banking practices.*

8. Legal Basis for Technology-Driven Supervision and Data Governance

As financial services rapidly digitalize, the Act may explicitly recognize supervisory authority over data governance, cyber resilience, and technology-enabled regulatory tools. Embedding SupTech and RegTech capabilities within the legal framework would future-proof supervisory effectiveness.

Strategic Value: *Strengthens resilience against emerging digital and cyber risks.*

9. Integration of Climate Risk and Sustainable Finance Considerations

Central banks globally are increasingly incorporating climate-related financial risks into supervisory mandates. Enabling provisions for climate risk assessment and green finance oversight would position Nepal's financial sector within emerging international sustainability frameworks.

Strategic Value: *Supports long-term financial stability and aligns with global sustainable finance initiatives.*

10. Consolidated Supervision of Financial Holding Structures

With the introduction of financial holding company concepts, CBFIN suggests strengthening consolidated supervisory provisions, including group-level risk oversight and fit-and-proper assessments at the ownership level.

Strategic Value: *Prevents regulatory arbitrage and enhances systemic risk monitoring.*

CBFIN further expressed its strong commitment to continue engagement with the Ministry of Finance and relevant stakeholders to ensure the final legislative framework reflects both international best practices and the evolving needs of Nepal's financial ecosystem.